# हेल्थ प्लस

ॐ अस्पतालको स्वास्थ्य सचेतना अभियान | अंक ४, फाल्गुण - २०७८

OM HOSPITAL & RESEARCH CENTRE

An ISO 9001:2015 Certified Hospital

२५ बर्ष

WWW.OMHOSPITALNEPAL.COM


## About Us

**ॐ अस्पताल** नेपालको निजी क्षेत्रबाट सञ्चालीत स्वास्थ्य उपचार सेवा प्रदायकहरु मध्येको अग्रणि अस्पताल हो । **"वी केयर फर यू"** नारासहित वि.सं. २०४६ सालमा स्थापित भएको यस अस्पतालको शुरुको नाम ॐ नर्सिङ होम हो । दक्ष, अनुभवि र ख्याति प्राप्त चिकित्सकहरुद्वारा नेपालमा नै अत्याधुनिक उपचार सेवा सुलभ शुल्कमा उपलब्ध गराउने उद्देश्यले संचालन गरिएको यो संस्था जम्मा केही चिकित्सक र ८ शैय्या बाट शुरु गरिएको थियो ।

वि.सं. २०५२ सालमा स्वास्थ्य उपचार सेवाको टड्कारो आवश्यकतालाई सम्बोधन गर्नेगरी १७५ शैय्या र १०० जना बिशेषज्ञ चिकित्सकहरुको टोली सहितको बिशिष्ट सेवा प्रदायक अस्पतालको रुपमा ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरको रुपमा रुपान्तरण भयो । २७ बर्ष देखि निरन्तर सेवामा रहेको यस अस्पतालमा देशका अत्यन्त कुशल तथा अनुभवि चिकित्सकहरुको टोली रहेको छ । इमर्जेन्सि मेडिसिनमा उच्च शिक्षा हासिल गर्नुभएका डाक्टरको नेतृत्व रहेको र २४ सै घण्टा एमडिजिपि/डिएम चिकित्सक सहितको अत्याधुनिक आकस्मिक उपचार सेवा उपलब्ध छ ।

नि:सन्तानपनको उपचार नेपालमा शुरु गर्ने पहिलो अस्पतालको रुपमा परिचित यो अस्पताल मातृशिशु उपचारमा पनि अत्यन्त लोकप्रिय रहेको छ । नेपाल सरकारको बिपन्न नागरिक औषधी उपचार सेवा अन्तर्गत सहुलियत सहितको हेमो डायलाइसिस सेवा तथा क्यान्सरका बिरामीहरुकालागि केमो थेरापी सेवा समेत उपलब्ध छ ।

क्रिटिकल केयर मेडिसिनमा उच्च शिक्षा हासिल गर्नु भएका डाक्टरको नेतृत्वको १७ शैय्याको अत्याधुनिक सघन उपचार कक्ष उपलब्ध रहेको छ । अस्पताल परिसर भित्र नै सिटिस्क्यान, एमआरआई, इएमजी, टिएमटि, डिजिटल म्यामोग्राफी लगायतका मेसिनहरु सहित इन्टरभेन्सनल रेडियोलोजी सेवाहरु समेत उपलब्ध छन् । अत्याधुनिक उपकरणहरु सहितको प्याथोलोजी ल्याव, मोलिक्युलर पिसिआर ल्याव तथा फिजियो थेरापी सेवा र पोषण सम्वन्धि परामर्श सेवाहरु समेत उपलब्ध रहेका छन् ।

## Featured

# (इ.एम.जी) इलेक्ट्रोमायोग्राफी जाँच के हो ?

EMG TEST



इलेक्ट्रोमायोग्राफी जाँच शरीरको मांसपेशिहरुमा हुने समस्याहरुको परिक्षण गर्न गरिने एक किसिमको अत्याधुनिक परिक्षण हो । खासगरी मोटर न्यूरोनमा आउने समस्याहरुको विद्युतिय संकेतको माध्यमबाट यो जाँच गरिन्छ । ई.एम.जी मेसिनले विद्युतिय संकेतको रेखांकन गरी तीनलाई संख्यामा रुपान्तरित गर्दछ, जसले डाक्टरहरुलाई बिरामीको नसा तथा मांशपेशीमा देखिएको रोग निदानमा सहयोग पुर्याउँछ । आजको आधुनिक समयमा उपचारका धेरै नयाँ नयाँ प्रविधिहरु बाहिर आएका छन् । इलेक्ट्रोमायोग्राफी जाँच नशा सम्बन्धि / न्यूरो सम्वन्धि समस्याको पहिचानको नयाँ तरिकाको रुपमा आएको छ । इलेक्ट्रोमायोग्राफी जाँचले अधिकांश रोगहरुको पहिचान र उपचारमा मद्दत गर्दछ । यो परिक्षण गर्नुअघि बिरामीले के कस्ता औषधि सेवन गरेका छन्, बिरामीमा रक्तश्राव समवन्धि समस्या छ वा छैन ? पेशमेकर र अन्य इम्प्लान्टहरु राखिएका छन् की ? भनेर सोध्नुपर्छ । यस किसिमका समस्या भएका बिरामीले यो परिक्षण गराउनु हुँदैन ।

### इलेक्ट्रोमायोग्राफी गर्दा के के गरिन्छ?

नर्व कंडक्शन स्टडी (Nerve conduction study) र नीडल ईएमजी (Needle EMG) ।
नर्व कंडक्शन स्टडी यो प्रक्रियाको पहिलो भाग हो । यसमा विद्युत संकेत पठाउनका लागि मोटर न्यूरोन्स को क्षमताको परिक्षणका लागि छालामा सानो इलेक्ट्रोड सेन्सर जडान गरिन्छ ।

यस्ता सेन्सरहरु नशा तथा मांशपेशीमा समस्या भएका, लाटो हुने, निदाउने र झमझम गर्ने, पोल्ने, दुख्ने लक्षणहरु भएका अङ्गहरुमा जडान गरिन्छ । इलेक्ट्रोड सेन्सरहरुले मोटर न्यूरोनले मांशपेशीहरुसँग तालमेल मिलाएर काम गरेका छन् वा छैनन भनि मूल्याङ्कन गर्दछ । परिक्षण सकिएपछि इलेक्ट्रोड सेन्सरलाई छालाबाट हटाइन्छ ।

केहिवेर आराम गरेपछि मेसिनले मांशपेशीका साना साना बिद्युतिय गतिबिधिहरु मूल्याङ्कन गरी संकेतहरु पठाउँछ । कम्प्यूटरमा ति संकेतहरुलाई रेखाङ्कन वा संख्यातमक रुपान्तरण गरेर प्रिन्ट गरी रिपोर्ट तयार पारिन्छ । यो सबै प्रक्रिया पुरा हुन करिव ३० मिनेट देखी एक घण्टा समय लाग्छ ।

### इलेक्ट्रोमायोग्राफी कहिले गर्नुपर्छ ?

इलेक्ट्रोमायोग्राफी जाँच हातगोडा झमझमाउने, दुख्ने पोल्ने, मांशपेशी लाटो हुने, निदाउने समस्या भएका बिरामीहरुका लागि रोग निदानमा प्रयोग गरिने परिक्षण भएकाले यस किसिमका समस्या भएका बिरामीले तत्काल चिकित्सकसंग परामर्श लिइ यो परिक्षण गराउनु पर्छ ।

### इलेक्ट्रोमायोग्राफी कहाँ गर्ने?

इलेक्ट्रोमायोग्राफी जाँच न्यूरो साइन्समा काम गर्ने टर्सरी केयर सेन्टरहरुमा गएर गराउनु पर्छ । तालिम प्राप्त, दक्ष तथा अनुभवि प्राविधिक र न्यूरोलोजिष्ट उपलब्ध रहेका अस्पतालहरु यसका लागि उपयुक्त हुन्छन् । ॐ अस्पतालमा पनि यो सेवा सुलभ मूल्यमा उपलब्ध छ । न्यूरोलोजिमा उच्च शिक्षा हासिल गर्नुभएका चिकित्सकहरुको प्रत्यक्ष निगरानी तथा रिपोर्टिङ रहेको इएमजी सेवा यहाँको लागि सहि गन्तव्यको रुपमा स्थापित भएको छ ।

### ॐ अस्पतालमा इएमजी गर्न कति शुल्क लाग्छ ?

ॐ अस्पतालमा इलेक्ट्रोमायोग्राफी जाँचको लागी रु. ६५०० (रु. छ हजार पाँच सय) लाग्छ ।


OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4476225 | omhrc@omhospitalnepal.com

## Patient's Testimonial

# रसुवाबाट उपचारकालागि आएकी ल्हामू शेर्पाको सफलताको कथा

ॐ अस्पतालको सेवा सुविधाहरुबाट हामी धेरै खुशी छौं । रसुवाकै स्थानिय अस्पतालमा गर्वावस्थाको जाँच गराइरहेकी म ल्हामू शेर्पालाई सातौं महिनाको परिक्षणका क्रममा अचानक उच्च रक्तचापको समस्या देखियो । गर्भावस्थामा हुने उच्च रक्तचाप जोखिमपूर्ण हुने भएकाले तत्काल काठमाडौंमा गएर उपचार गराउने डाक्टरको सल्लाह बमोजिम म काठमाडौं चावहिल स्थित ॐ अस्पतालमा आएँ ।



डा. उमा गुरुङ्गका साथ ल्हामू शेर्पा

आफन्तजनको सल्लाह अनुसार ॐ अस्पतालमा आएर बरिष्ठ प्रशुति तथा स्त्रीरोग बिशेषज्ञ प्रा.डा. जागेश्वर गौतमसँग स्वास्थ्य जाँच र परिक्षण गराएँ । उहाँले तत्काल अस्पताल भर्ना भएर उपचार गराउन सल्लाह दिनुभयो ।

केहि समयको उपचारपछि उच्च रक्तचाप नियन्त्रणमा आयो र गर्भमा रहेको शिशुलाई जोखिम मुक्त बनाउन सिएस गरेर बाहिर निकाल्ने सल्लाह डाक्साबले दिनुभयो ।

सोहि सल्लाह अनुसार हामीले शिशुलाई जन्म दियौं सात महिनाको शिशुलाई ॐ अस्पतालकी बरिष्ठ बालरोग बिशेषज्ञ डा. उमा गुरुङ र नवजात शिशु सघन उपचार विशेषज्ञ डा. निमा श्रेष्ठले एनआइसियूमा उपचार गर्नुभयो । केहि हप्ताको अस्पताल बसाइपछि डिस्चार्ज भएर स्वस्थ शिशुलाई काखमा लिएर घर फर्कन पाएकोमा अत्यन्त खुशी लागेको छ । मलाई समयमा उपचारका लागि काठमाडौं आउन सल्लाह दिनुहुने स्थानिय चिकित्सकसँगै ॐ अस्पताल परिवार बिशेष गरी प्रा. डा. जागेश्वर गौतम, डा. उमा गुरुङ र डा. निमा श्रेष्ठ र सम्पूर्ण नर्सिङ टिमलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

खर्चको हिसाबमा पनि हामीले सोचेको भन्दा निकै कम खर्चमा उपचार सम्भव भयो । नीजि अस्पतालहरुमा निकै खर्च लाग्छ घर खेत नै सकिन्छ भनेको सुनेका हामी यहाँको उपचार शुल्क सरकारी अस्पतालको हाराहारीमा रहेको पाँउदा छक्क पर्यौं ।

ॐ अस्पतालको सेवा सुबिधाहरुबाट हामी धेरै खुशी छौं । जटिल समस्याको उपचार समयमा नै र अनुभवि विशेषज्ञहरुबाट तत्काल पाउँदा हामीले आफुलाई भाग्यमानी ठानेका छौं ।

## Doctor's Interview

# गर्भावस्थाका कौतुहलता, तनाव र जोखिम कम गर्न ख्याल गर्नुपर्ने कुराहरू

**सन्तानका रहर गरेका दम्पतीहरुका लागि त्यो क्षण निकै सुखद हुन्छ कि, जब उनीहरुको गर्भ रहन्छ । गर्भ रहेको कुरा श्रीमतीले श्रीमानलाई सुनाउँछिन् । यो शुभ समाचारले उनीहरु मात्र होइन पुरा परिवारलाई नै खुशीले उल्लासमय बनाइदिन्छ । जति जति गर्भको बच्चा हुर्कदै जान्छ, दम्पतीमा कौतुहलता पनि बढ्दै जान्छ । छोरा होला कि छोरी ? कस्ता बच्चा जन्मिएलान् ? साथसाथै एउटा प्रश्नले भने उनीहरुलाई बेचैन पनि बनाउँछ । जस्तो कि, गर्भको बच्चा सकुशल वा स्वस्थ रुपमै जन्मिएलान् ? जन्मजात शारीरिक दोष लिएर त जन्मदैनन् ? यि र यस्तै प्रश्नहरुलाई समेटेर ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरकी (नि:सन्तानपन) प्रसूती तथा स्त्री रोग विशेषज्ञ डा. सम्पदा मिश्रसँग हेल्थ प्लस टिमले गरेको कुराकानीको सम्पादित अंश ।**



**डा. सम्पदा मिश्र पाठक**
स्त्री तथा प्रसुती रोग विशेषज्ञ

### पहिलो सन्तानको योजना बनाउनुअघि के कस्ता स्वास्थ्य परीक्षण जरूरी हुन्छ ?

गर्भावस्था आफैंमा एउटा जटिल अनि बिशेष अवस्था हो । यस अवस्थामा आमा बन्ने खुशी मात्र जोडिएका हुदैनन्, गर्भसंग समाजिक, पारिवारीक र आत्मीय सम्बन्ध रहेको हुन्छ । गर्भावस्थामा हुने शारिरिक र हर्मोनल परिवर्तनहरुले गर्भवतीहरुमा समस्या र चिन्ताहरु थपिने हुन्छन् । त्यसैले यी परिवर्तनहरुका बारेमा गर्भवती तथा दम्पती र परिवारका सदस्यहरुले राम्ररी बुझ्रे तनाव आफैं कम हुने हुन्छ । त्यसैले हरेक दम्पतीले गर्भका योजना बनाउनु र गर्भ राख्नु पहिले नै चिकित्सकिय परामर्श लिनु राम्रो हुन्छ । गर्भ राख्नु करिब ९० दिन अर्थात ३ महिना अगाडि नै गर्भका योजनाका लागि प्रसुति तथा स्त्रीरोग बिशेषज्ञसंग गर्भाधान पूर्व परामर्श गर्नु राम्रो हुन्छ । यस प्रकारको परामर्शमा गर्भवती


OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4476225 | omhrc@omhospitalnepal.com

हुने योजनामा रहेका महिलाको शारिरक परिक्षण तथा आवश्यक अन्य परिक्षण गरेर पोषण एवं शारिरिक सक्षमता, संक्रमणहरु (बिशेषत: यौन संक्रमण), दिर्घरोगहरु (उच्च रक्तचाप, मधुमेह), हर्मोनहरुको सन्तुलन (थाईराईड) आदि अवस्था पत्ता लगाउनुका साथै केहि कमजोर वा गडबडि भए उपचार समेत गरिने भएकाले गर्भ र गर्भको बिकासका लागि महत्वपुर्ण साबित हुन्छ । यस किसिमको परामर्शमा गर्भको योजनामा रहेको महिला तथा उनको परिवारसंग अन्य स्वास्थ्य र गर्भका जटिलता सम्बन्धि, जोखिम न्युनिकरण र गर्भका विकासका लागि अपनाउनु पर्ने सर्तकता अनि व्यवहारमा परिवर्तन समेत सम्बन्धि जानकारी दिईन्छ जसले गर्भका कारणले हुने तनाव पनि कम हुन्छ ।

### गर्भाधानका क्रममा यस्ता कुनै त्रुटी हुन सक्छन्, जसले हुनेवाला बच्चामा समस्या निम्त्याउने जोखिम हुन्छ ?

त्रुटि हुन सक्छ तर हुन्छ नै भन्ने छैन । गर्भको चाहना राखेको दम्पितिहरुमा कुनै त्रुटि पाईए, त्यस्को उपचार समयमा नै गर्नु पर्छ । यस्ता त्रुटिहरु सबै एकै किसिमका हुन्छन् भन्ने छैन, त्यसैले यसका असर तथा हुनेवाला बच्चामा पनि समस्या फरक-फरक हुन सक्छन् र कति त्रुटिले गर्भ नै खेर समेत जान सक्छ ।

### योजनावद्ध रहने गर्भ र अनिच्छित गर्भले हुनेवाला बच्चाको स्वास्थ्यमा कुनै असर पर्न सक्छ ?

कुनै पनि काम योजना बनाएर गरे सफलता मिल्ने सम्भावना बढि हुन्छ र योजना बिना सफल भईदैन भन्ने छैन, तर कठिनाई र असफलताको जोखिम बढ्ने पक्का हुन्छ । गर्भमा पनि त्यहि सिद्धान्त लागु हुन्छ भन्दा फरक नपर्ला । गर्भको योजना नबनाउँदै वा कुनै तयारी बिना नै परिवार नियोजनका साधन प्रयोग नगरेको अवस्थामा गर्भ रहन सक्छ । अधिंकाश दम्पतीहरुको यस्तै हुने गरेको हुन्छ । यस अवस्थामा गर्भ रहेको शंका लाग्नासाथ स्वास्थ्यकर्मीसँग जाँच गराउनु पर्छ ।

### गर्भावस्थामा के कस्ता कुरामा ख्याल गर्नुपर्छ ?

यस अवस्थामा धुम्रपान, मद्यपान नगर्ने तथा धुम्रपान गर्नेहरुसंग पनि नबस्ने । नियमित फलफुल सेवन गर्नुका साथै सन्तुलित भोजन गर्ने । नियमित हल्का व्यायाम गर्ने तथा तनावमा नबस्ने । दैनिक फोलिक एसिड तथा चिकित्सकले सुझाएको औषधिहरु सेवन गर्ने । चिकित्सकले दिएका सम्पुर्ण निर्देशनहरु पालना गर्ने र द्विबिधा लागेको कुरामा पटक पटक परामर्श तथा सल्लाह लिने ।

### आमाको मनस्थिती, खानपान, रहनसहन आदिले गर्भको बच्चामा कुनै प्रभाव पार्छ ?

आमाको मनस्थिति, खानपान र रहनसहनको असर गर्भको बच्चामा हुन्छ । त्यसैले गर्भवतीहरु तनाव रहित, स्वस्थ्य वातावरणमा राम्रो पोषणयुक्त खानेकुरा सेवन गर्नु राम्रो हो । कुपोषण र प्रदुषित वतावरणले गर्भको शारिरिक र मानसिक विकासमा नाकारात्मक प्रभाव पार्ने हुन्छ ।

### कस्तो अवस्थामा गर्भको बच्चा अशक्त हुने जोखिम हुन्छ ?

सबै गर्भवतीहरुमा असक्त बच्चा जन्माउन सक्ने जोखिम हुन्छ । नजिकको नातेदारसँग विवाह गरेर गर्भवती भएमा, वंशानुगत वा अन्य आनुवंशिक बिकारहरु भएमा, गर्भावस्थामा जथाभावी औषधीको सेवन गरेमा, गर्भावस्थामा कुपोषण भएमा, कुनै संक्रमण भएमा, गर्भावस्थामा लागू औषध, धुम्रपान तथा रक्सी सेवन गरेमा, आमाको उमेर ३५ वर्ष वा सो भन्दा बढी भएमा, प्रदुषणको प्रभाव परेमा जोखिम बढ्ने हुन्छ ।

### गर्भावस्थामा आमाहरुले के कस्ता लापरवाही वा कमजोरी गरिरहेका हुन्छन्, जसले गर्भको बच्चालाई असर गर्न सक्छ ?

लापरवाही त के भन्नु ? साधारणतया गर्भावस्थामा आमाहरुले सहि जानकारी नपाएको कारणले जसले जे भन्यो त्यसैको कुरामा लागेर दु:ख पाईरहेको देख्छु । दक्ष स्वास्थ्यकर्मी तथा विज्ञ चिकित्सकको परामर्श लिनुपर्छ, हल्लाका पछि नलाग्नु राम्रो हुन्छ ।

### दोस्रो सन्तानको योजना बनाउनुअघि के कुरामा ख्याल गर्ने ? दुई बच्चाबीचको जन्मान्तर कति हुनु जरुरी छ ?

दोस्रो बच्चाको योजना बनाउँदा नि पहिलेको जस्तै प्रि-कन्सेप्सनल काउन्सिलिङ्गबाट शुरु गर्नु पर्छ । जन्मान्तर कति फरक गर्ने दम्पतिले सल्लाह गर्नुपर्छ । समान्यतया “दोस्रो बच्चा कहिले, पहिलो स्कुल जान्छ जहिले” सम्झँदा राम्रो नै हुन्छ ।

### एउटी महिला कुन उमेरसम्म सन्तान जन्माउनका लागि योग्य हुन्छिन् ?

स्वास्थ्यको हिसाबले २० बर्ष पार गरिसके पछि ३५ बर्ष सम्म राम्रो समय मानिन्छ ।

## Doctor's Profile

# ॐ अस्पतालमा बाथरोग सम्बन्धि बिशेषज्ञ सहितको उपचार सेवा

भारतको नयाँ दिल्लीस्थित एम्सबाट इन्टरनल मेडिसिनमा एमडी तथा चण्डिगढ स्थित पिजिआईबाट इम्युनोलोजी तथा र्युमाटोलोजीमा डीएम गर्नुभएका बाथरोग विशेषज्ञ डाक्टर साकेत झाले वाथरोगीहरुको उपचार गर्दै आउनुभएको छ ।

डा. झा वाथ रोग तथा रोग प्रतिरोधात्मक क्षमता विषयमा डिएम गर्ने पहिलो नेपाली विशेषज्ञ हुनुहुन्छ । डा. झा दीर्घ रोगका रुपमा बाथरोगबाट पिडितहरुको उपचारमा विशेष दक्खल राख्नुहुन्छ ।

वाथ रोगको समस्या भयावह रुपमा रहेको अवस्थामा नेपालमा नै सहि उपचारकालागि विशेषज्ञ सहितको उपचार सेवा प्रदायकका रुपमा आउनुलाई स्वास्थ्य क्षेत्रकै ठुलो उपलब्धीको रुपमा हेरिएको छ ।



**डा. साकेत झा**
बाथ रोग तथा प्रतिरोधात्मक विशेषज्ञ

**ॐ अस्पतालमा डा. झालाई शनिवार बाहेक हरेक दिन अपरान्ह २ बजेदेखि साँझ ५ बजेसम्म भेट्न सकिन्छ ।**

# ॐ हस्पिटल Services

## उपलब्ध डायग्नोष्टिक सेवाहरू

- Radiology and Imaging (भिडियो एक्स रे, सिटी स्क्यान, इको, एमआरआई )
- Pathology/Laboratory (रगत, दिशा पिशावका सम्पूर्ण जाँच)

## उपलब्ध विशेषज्ञ सेवाहरू

- Anaesthesiology (एनेस्थेसियोलोजी)
- Dental (दन्तरोग)
- Gyanaecology and Obsetrics (स्त्री तथा प्रसुती)
- IVF (आई.भी.एफ)
- General Surgery Digestive Disease and Laparasopic Surgery (जनरल सर्जरी डाइजेष्टिभ डिजिज एण्ड ल्यापरोस्कोपिक सर्जरी)
- Hepatopancreatobiliary and Gastro Surgery (हेपाटोप्यान्क्रियाटोबिलियरी एण्ड ग्याष्ट्रो सर्जरी)
- Cardiology (मुटु रोग)
- Cardiothoracic and Vascular Surgery (कार्डियोथोरासिक एण्ड भाष्कुलर सर्जरी)
- Dermatology and Venerology (चर्म तथा यौन रोग)
- Endocrinology and Diabetes (ग्रन्थीरोग तथा मधुमेह)
- ENT Head and Neck Surgery (नाक, कान, घाँटी)
- Gastroenterology and Hepatology (पेट पाचन तथा कलेजो रोग)
- Internal Medicine (जनरल फिजिसियन)
- Neonatology and Neonatal (नवजात शिशु)
- Nephrology (मृगौला रोग)
- Neurology and Neurosurgery (नसा तथा स्नायु सम्बन्धि)
- Nutrition and Dietetics (पोषण)
- Oncology (अर्बुदरोग)
- Ophthalmology (नेत्र रोग)
- Orthopedics Traumatology (हाड जोर्नी चिकित्सा)
- Pediatrics and Pediatric Surgery (बाल रोग)
- Psychiatry (मानसिक रोग)
- Physiotherapy and Rehabilitation (फिजियोथेरापी एण्ड रिह्याविलिटेसन)
- Plastic Surgery (प्लाष्टिक सर्जरी)
- Pulmonolgy (फोक्सो तथा छाँती)
- Sleep Lab (निद्रा सम्बन्धि)
- Spine Surgery (ढाडको उपचार)
- Urology (युरोलोजी)
- Rheumatology and Immunology (र्‍युमाटोलोजी एण्ड इम्यूनोलोजी)
- Om Wellness Clinic (ॐ वेलनेश क्लिनिक)
- Audiology (अडियोलोजी)

## उपलब्ध अन्य सेवाहरू

- Emergency Service (आकस्मिक उपचार)
- Heli-EMS (हेली इ.एम.एस)
- IPD/OPD (अन्तरङ्ग / बहिरङ्ग सेवाहरु)
- ICU/CCU (सघन उपचार सेवा)
- Operation Theatre (शल्यक्रिया कक्ष)
- Vaccination (खोप सेवाहरु)


**२०% छुट**

**नयाँ बर्ष २०७९ को अवसरमा नियमित स्वास्थ परीक्षण प्याकेजहरुमा २०% छुटको व्यवस्था छ ।**

(थप जानकारीको लागी कोठा नं ४४ अथवा १८७ एक्टेन्सनमा फोन गर्नुहोला)


# News and Events

### Birthday Celebration event of the Respected Chairman Dr. Anand Prasad Shrestha



### Picnic Organized by OMHRC Union



### Free Health Desk at Pashupati on Shivaratri




### A Special Event at Toyota on Occasion of Women's Day (March 8th)








OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4476225 | omhrc@omhospitalnepal.com

सम्पादन समूह

डा. हरिश जोशी, मेडिकल डाईरेक्टर | उमा श्रेष्ठ, नर्सिङ्ग डाईरेक्टर | विनोद अधिकारी, मिडिया एण्ड बिजनेस डेभलप्मेन्ट म्यानेजर | इरु पौडेल, क्वालिटि एस्योरेन्स् एण्ड कर्पोरेट सर्भिस म्यानेजर